**HBL** | हिमालयन बैंक लिमिटेड **Himalayan Bank Ltd.**

**को**

# उनन्तीसौ वार्षिक साधारण सभाबारे सूचना

२०७८ साल पौष महिना ०९ गते बसेको सञ्चालक समितिको बैठक नं. ४१५ को निर्णयानुसार यस बैंकको उनन्तीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरू शेयरधनी महानुभावहरूलाई यथा समयमा पठाइने व्यहोरा अनुरोध छ ।

## उनन्तीसौ वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान

**मिति** : **२०७८ साल पौष ३० गते शुक्रबार (तद्नुसार जनवरी १४, २०२२)**

**समय** : **विहान ११:०० बजे**

**स्थान** : **हिमालयन बैंक लिमिटेडको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौबाट भिडियो कन्फ्रेन्स (Virtual/Online) मार्फत सभा सञ्चालन हुनेछ । (साधारण सभामा भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई Meeting Link /Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)**

## छलफलका विषय-सूची

**क) सामान्य प्रस्ताव**

१) उनन्तीसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि. को आ. व. २०७७/७८ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने,

४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू. १०,६८,४४,००,८२८।- को ४.६२ प्रतिशत (कर सहित) ले हुने जम्मा रू. ४९,३६,१९,३१९।- नगद लाभाँश दिने प्रस्ताव स्वीकृत गर्ने,

५) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम संस्थापक शेयरधनी कर्मचारी सञ्चयकोषको सञ्चालक समितिको मिति भाद्र २९, २०७८ मा बसेको बैठकले गरेको निर्णय तथा उक्त निर्णयको प्राप्त पत्र अनुसार बैंकको सञ्चालक समितिको मिति आश्विन १, २०७८ मा बसेको बैठकले श्री जितेन्द्र धिताललाई कोषको तर्फबाट प्रतिनिधित्व गर्नु हुने श्री तुलसी प्रसाद गौतमको सट्टमा उहाँको बाँकी रहेको कार्यकाल सम्मको लागि संस्थापक शेयरधनी कर्मचारी सञ्चयकोषको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मिति आश्विन ०६, २०७८ गतेदेखि नियुक्त गरेको निर्णय अनुमोदन गर्ने,

६) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक जि. पि. राजवाहक एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट पुनःनियुक्त हुन सक्ने)

**ख) विशेष प्रस्ताव**

१) बैंकको अधिकृत पूँजी रू. १५,००,००,००,०००।- (अक्षरेपी पन्ध्र अर्ब रूपैयाँ) बाट बृद्धि गरी रु १६,००,००,००,०००।- (अक्षरेपी सोह्र अर्ब रूपैयाँ) पुऱ्याउने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) सञ्चालक समितिले सिफारिश गरे बमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू. १०,६८,४४,००,८२८।- बाट वृद्धि गर्न चुक्ता पूँजीको २१.३८ प्रतिशतले हुने जम्मा रू. २,२८,४३,२४,८९७।- बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

३) बैंकले आर्थिक वर्ष २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमाभन्दा माथि गरेका सहयोग अन्तर्गत कोरोना भाइरस संक्रमण नियन्त्रण तथा उपचारका लागि विभिन्न संघ–संस्था, अस्पतालहरु समेतलाई प्रदान गरेको कुल रकम रू. १,७१,०४,११४।- (अक्षरेपी एक करोड एकहत्तर लाख चार हजार एक सय चौध रूपैयाँ) अनुमोदन गर्ने । (संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको २९औ वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।)

४) हिमालयन बैंक लि. र नेपाल इन्भेष्टमेण्ट बैंक लि. एक आपसमा मर्जर गर्ने प्रयोजनको लागि टि. आर. उपाध्याय एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सबाट प्राप्त दुवै संस्थाको सम्पत्ती, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदान प्रदान अनुपातमा व्यावसायिक अवसरहरू, व्यावसायिक प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिती, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयरबजार मुल्य समेतका विषयहरूको आधारमा Swap Ratio १:१ शेयर अनुपात हुने गरी नेपाल इन्भेष्टमेण्ट बैंक लि. सँग मर्ज गर्न स्वीकृती प्रदान गर्ने ।

५) यस बैंक र नेपाल इन्भेष्टमेण्ट बैंक लि. सँग मर्ज गर्ने सम्बन्धमा भएको सम्पत्ती, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ताको नियुक्ति, सम्पत्ती तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण कामकारवाहीहरू सम्बन्धी स्वीकृतीप्रदान गर्ने ।

६) दुवै बैंकको मर्जर पश्चात हिमालयन एण्ड नेपाल इन्भेष्टमेण्ट बैंक लि. नामाकरण गरी एकिकृत कारोवार गर्ने कार्यलाई स्वीकृती प्रदान गर्ने ।

७) दुवै बैंक मर्जर गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृती लिने । अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र र नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

८) बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

**ग) विविध**

## जानकारी

१) मिति २०७८ साल पौष महिना १९ गते (एक दिन) शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।

२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावलीको संशोधन सहितको विवरण पठाइने छ ।

**शेयरधनी महानुभावहरूलाई जानकारी**

(क) आ.व. २०७६।७७ र सोभन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले हिमालयन क्यापिटल लि. ठमेलबाट लिनु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः**

**उनन्तीसौ वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारी**

१. समग्र विश्वमा फैलिएको कोरोना भाइरसको (COVID-19) महामारी नेपालमा समेत फैलिएको तथा सो महामारीको उच्च जोखिमका कारण नेपाल सरकारबाट उक्त महामारी रोकथाम तथा नियन्त्रणका लागि विभिन्न समयमा जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पूर्णरुपमा पालना गर्न गराउन सूचित गरिरहेको परिप्रेक्ष्मा बैंकले साधारण सभा गर्दा विशेष स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नुपर्ने भएकोले साधारण सभा विद्युतीय माध्यम/भिडियो कन्फ्रेन्स (Online Meeting) मार्फत गरिने तथा सभामा भाग लिन सकिने व्यवस्था मिलाइएको हुँदा शेयरधनी महानुभावहरुलाई विद्युतीय माध्यम/भिडियो कन्फ्रेन्सको माध्यमबाट सभामा भाग लिई कोरोना भाइरस (COVID-19) महामारीको जोखिमबाट बच्न तथा बचाउन सादर अनुरोध छ ।

२. साधारण सभामा भिडियो कन्फ्रेन्स (Online Meeting) मार्फत उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले साधारण सभाको संचालन हुनु भन्दा कम्तीमा ४८ धण्टा अगाडी आफ्नो परिचयपत्र, डिम्याट खाता नं तथा धारण गरेको शेयर संख्या सहित कानुन तथा शेयर शाखामा सम्पर्क राख्न वा इमेल ठेगाना hblagm@himalayanbank.com मा सो बिवरण पठाउन वा बैंकको वेबसाइटमा उपलब्ध फारम भरी बुझाउन अनुरोध छ । यसरी सम्पर्क गर्नु हुने शेयरधनी महानुभावलाई Meeting Link/Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईने छ ।

३. सभा शुरु हुनुभन्दा १ धण्टा अगाडीबाट भिडियो कन्फ्रेन्स (Online Meeting) खुल्ला गरिने छ । उक्त १ घण्टा समयभित्र सभामा सहभागी शेयरधनीहरुले दिईएको को माध्यमबाट Online Login गरी सभामा उपस्थिति हुनुपर्ने छ । यसरी भएको उपस्थितिलाई पनि सभा स्थलमा उपस्थित भए अनुसार मान्यता दिईनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्थाबमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भए पश्चात सभाको कारवाही अगाडी बढाईने छ ।

४. नेपाल सरकारको घोषित नीतिअनुरुप सभा सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरिदिनुहुन शेयरधनीको लागि बिशेष अनुरोध गरिनेछ ।

५. बैंकको संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website www.himalayanbank.com मा पनि हेर्न सकिनेछ ।

६. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि कार्यालय समयभित्र श्री हिमालयनक्यापिटल लि. ठमेलमा दर्ता गरिसक्नु पर्नेछ । उक्तदिन सार्वजनिकविदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ । बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एक भन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्ट्याएर दिइएको प्रोक्सी बदर हुनेछ ।

७. सभामा भागलिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समय भित्र श्री हिमालयन क्यापिटल लि. ठमेलमा प्राप्तहुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेको खण्डमा पनिउल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ ।

८. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतिमा नियुक्त कुनै एक जना शेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ । कम्पनीको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ ।

९. नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ ।

१०. अन्य जानकारीको लागि बैंकका केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

## हिमालयन बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं, फोन नं. : ०१-४२२७७४९